I.M.E. Life Insurance Company Limited
Hathway Complex, Lainchaur, Kathmandu, Nepal
Toll Free No. 16600168888, Tel: +977 01-4024072
info@imelifeinsurance.com
www.imelifeinsurance.com

PAN No. : 303053398

आ.ला.इ.क.लि/च.नं. १६४४/०८१/०८२ मिति: २०८१/११/०२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

बिषय : कम्पनीको आठौं वार्षिक साधारण सभाको जानकारीका सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (दर्ता नं. १०८३/०६५/०६६) को मिति २०८१/११/०२ गते अपरान्ह १२:१५ बजे बसेको सञ्चालक समितिको २१५औं बैंठकले कम्पनीको आठौं वार्षिक साधारण सभा देहाय मिति, स्थान, समयमा बोलाउने निर्णय गरेको हुँदा तंहाको जानकारीका लागि विन्रम अनुरोध गर्दछौं ।

साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयरधनीहरुको दर्ता किताब मिति २०८१/११/१५ गते एक (१) दिनका लागि बन्द रहने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । साथै कम्पनीको आठौं वार्षिक साधारण सभा सम्बन्धी नयाँ पत्रिका राट्रिय दैनिक पत्रिकामा मिति २०८१/११/०३ मा प्रकाशित हुने सूचना यसै साथ संलग्न गरी तंहाको जानकारीका लागि अनुरोध छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समय:**
मिति : २०८१ साल फाल्गुन २५ गते आईतबार, (तदनुसार मार्च ९, २०२५)
स्थान : दियो महल, धुम्बाराही, काठमाण्डौं ।
समय : बिहानको ११:०० बजे ।

भवदिय,

...............
प्रकाश न्यौपाने
कम्पनी सचिव

बोधार्थ:

१. श्री नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
५. श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड (शेयर रजिष्टार), नक्साल, काठमाण्डौं ।

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
## I.M.E. Life Insurance Company Limited

रजिष्टर्ड तथा कर्पोरेट कार्यालय : का.जि.का.म.न.पा वडा नं. २६
लैनचौर, हात्तिवे कम्प्लेक्स, तेस्रो तला, काठमाण्डौं
Website: www.imelifeinsurance.com
सम्पर्क टेलिफोन नं : ०१–४०२४०७२

# आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/११/०३ गते)

यस आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८१ साल फाल्गुन २ गते बसेको २१५औं बैठकको निर्णयानुसार यस कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

### साधारण सभा बस्ने मिति, स्थान र समय:

मिति : २०८१ साल फाल्गुन २५ गते आईतबार, (तदनुसार मार्च ९, २०२५)
स्थान : दिव्यो महल, घुम्बाराही, काठमाण्डौं ।
समय : बिहानको ११:०० बजे ।

### छलफलका विषयहरु :

**क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/०८१ (**NFRS** बमोजिम) को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धीत अनुसूचीहरु सहितको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भई आए बमोजिम आर्थिक वर्ष २०८१/०८२ का लागि कम्पनीको बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक श्री एस.ए.आर एशोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्त हुन सक्नु हुनेछ)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/०८१ को वितरण योग्य मुनाफाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु. ५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्ब मात्र) को २१.०५२६४% (अक्षरेपी एक्काईस दशमलव शुन्य पाँच दुई छ चार प्रतिशत) का दरले हुने रकम रु. १,०५,२६,३२,०००/- (अक्षरेपी एक अर्ब पाँच करोड छब्बीस लाख बत्तीस हजार रुपैंया मात्र) नगद लाभांश (कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

(१) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकायबाट कुनै फेरबदलको निर्देशन प्राप्त भएमा सोही अनुसार फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

(२) कम्पनी ऐन, २०६३ को दफा १०५(१) (ग) बमोजिम आर्थिक वर्ष २०८०/०८१ मा कम्पनीबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विविध ।

सञ्चालक समितिको आज्ञाले,
प्रकाश न्यौपाने
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी थप जानकारी

**द्रष्टव्य**

(१) कम्पनीको आठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/११/१५ गते एक (१) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/११/१३ गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन पाउनेछन ।

(२) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही खाता नम्बर (**BOID**) वा आफ्नो परिचय खुल्ने कागजात तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेश-पत्र लिई आउनु हुन अनुरोध गरीन्छ ।

(३) सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि (प्रोक्सी) फाराम मिति २०८१/११/२३ गते बिहान ११:०० बजे भित्र कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त भएको पाइएमा सबै भन्दा पहिला कम्पनीमा दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि प्रतिनिधि (प्रोक्सी) बदर नगरी कुनै शेयरधनीले सभामा भाग लिन चाहेमा भाग लिन सक्नुहुनेछ तर मतदान गर्न पाउनु हुनेछैन ।

(४) नाबालक वा विक्षिप्त शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

(५) संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

(६) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत शेयरधनी स्वयम् सभामा उपस्थित हुन आएमा शेयरधनीले गरीदिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।

(७) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

(८) छलफलका विषय मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । त्यस्तो विषय सञ्चालक समितिका अध्यक्षलाई उचित लागेमा मात्र छलफलका लागि समावेश गरीनेछ ।

(९) कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालय का.जि.का.म.न.पा. वडा नं. २६, लैनचौर, हात्तिवे कम्प्लेक्स, तेस्रो तला, काठमाण्डौंबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ । उल्लेखित विवरण कम्पनीको वेभसाइट ठेगाना **www.imelifeinsurance.com** मार्फत हेर्न सक्नु हुनेछ ।

(१०) सभाको दिन सभा शुरु हुनु भन्दा अगावै सभा कक्षमा उपस्थित भईदिनुहुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गरीन्छ ।

(११) शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति/सभाध्यक्ष वा सभाका सभापति/सभाध्यक्षबाट आदेश पाएका व्यक्तिबाट जवाफ दिईनेछ ।

(१२) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभवहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

(१३) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरुले यथासक्य झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरीदिनु हुन समेत अनुरोध छ ।

(१४) सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

(१५) अन्य थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड तथा कर्पोरेट कार्यालय का.जि.का.म.न.पा. वडा नं. २६, लैनचौर, हात्तिवे कम्प्लेक्स, तेस्रो तला, काठमाण्डौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।